बैठक संख्याः १८१/०२/२०८२/०८३
मिति:२०८२/०६/०२
समय : दिनको ३.०० बजे

आज मिति २०८२/०६/०२ गते बिहीबारका दिन यस शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री रणबहादुर महरा ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसि निम्न अनुसार निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| १. श्री रण बहादुर महराः नगर प्रमुख | अध्यक्ष |
| २. श्री कल्पना कुमारी जोशी पन्तः नगर उप-प्रमुख | सदस्य |
| ३. श्री उत्तर देव भट्टः वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ४. श्री भोदुराम डगौराः वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ५. श्री नरेन्द्रप्रसाद चौधरीः वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. श्री कमल ठकुल्लाः वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ७. श्री चक्र बहादुर खड्काः वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ८. श्री दान सिंह ऐरः वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ९. श्री प्रताप धामीः वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १०. श्री बहादुर सिंह महराः वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| ११. श्री रमेश बहादुर ऐरः वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १२. श्री लाल बहादुर ऐरः वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १३. श्री शेर बहादुर साउदः वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १४. श्री नवल सिंह रानाः वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १५. श्री लक्ष्मी देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १६. श्री भुमा देवी चन्दः नगर कार्यपालिका सदस्य | सदस्य |
| १७. श्री शान्ती देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १८. श्री सुर्जा बि.कः नगर कार्यपालिका सदस्य | सदस्य |
| १९. श्री गणेश बिकः नगर कार्यपालिका सदस्य | सदस्य |
| २०. श्री सरस्वती कुमारी जोशीः नगर कार्यपालिका सदस्य | सदस्य |
| २१. श्री खेमराज बिष्ट : प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

मिति २०८२/०६/०२ गते

**१८१ औ कार्यपालिका बैठकका निर्णयहरु**

निर्णय नं. १- मिति २०८२ भाद्र २३ र २४ गते का दिन Gen- Z आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने महान सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै घाईते व्यक्तीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

निर्णय नं. २ - मिति २०८२ भाद्र २३ र २४ गते का दिन Gen- Z आन्दोलनका नाममा घुसपैठ गरी शुक्लाफाँटा नगरपालिकाको कार्यालय र शु.न.पा. अन्तर्गत रहेका १२ वटै वडाहरुमा भएको तोड फोड र आगजनी मा संलग्न व्यक्तीहरुलाई आवश्यक कारवाही गर्न सम्वन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं. ३ - मिति २०८२ भाद्र २३ र २४ गते का दिन Gen- Z आन्दोलनका क्रममा शुक्लाफाँटा नगरपालिकाको कार्यालय र शु.न.पा. अन्तरगत रहेका १२ वटै वडा कार्यालयहरुमा भएको भौतिक क्षतीको विवरण संकलन गरि पूनर्निमाण र आवश्यक सहयोगको लागि सम्वन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं. ४ - मिति २०८२ भाद्र २३ र २४ गते का दिन Gen- Z आन्दोलनका कारण स्थगित भएको सेवा प्रवाह लाई वडा कार्यालयहरुको मर्मत सभार र साधन श्रोतको प्रवन्ध नभए सम्म हाललाई सम्पूर्ण वडा कार्यालयबाट गरिने सेवा प्रवाह नगरपालिकामा बसी संचालन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ५ - मिति २०८२ भाद्र २३ र २४ गते का दिन Gen- Z आन्दोलनमा तोडफोड र आगजनीमा संलग्न देखिएका कर्मचारी र विद्यालय शिक्षकहरुलाई कारवाही गर्ने निर्नय गरियो ।

निर्णय नं. ६ - सिद्धनाथ मा.वि. को हाललाई खाता संचालनको लागि माग भए बमोजिम विद्यालय व्यवस्थापन समितिले गरेको निर्णयानुसार खाता संचालन गर्न गराउन शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७ - यस नगरपालिका अन्तर्गत संचालित श्री पञ्चकोटी मणिकाधाम आ.वि. शु.न.पा. ८ मा परिक्षा गर्न बाँकी प्रा.वि. तृतिय राहत दरवन्दिको भर्ना गर्न बाँकी दरवन्दिलाई श्री

प्रमुख प्रशासकीय अधिकृत

रणा बहादुर महरा
नगर प्रमुख

कृष्ण आ.वि. शु.न.पा. १ रामनगरमा सारी तत्काल परिक्षा गरि पदपूर्ती गर्न शिक्षा शाखालाई आवश्यक समन्वयका लागि निर्देशन दिने र उल्लेखित पञ्चकोटी माणिकाधाम आ.वि.मा समायोजन भएका विद्यालयहरुबाट शिक्षक पठाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

रत्न बहादुर महरा
नगर प्रमुख